आकाशवाणी

मुख्य समाचार

- प्रधानमन्त्रीले अन्ठाउन्न लाख **स्वामित्व सम्पत्ति कार्ड** वितरिण गर्नुहुने
- भारतको लोकतन्त्रको व्यापकता गुरूको शिक्षा, साहिब जादाको बलिदान र देशको एकताको मूल मन्त्रमा आधारित
- राष्ट्रपतिले सत्र जना नानीहरूलई **प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कारले गर्नुभयो** सम्मानित
- निर्वाचन आयोगले, दुई हजार चौबीस लोकसभा चुनावमा चौसट्ठी करोड़ चौसट्ठी लाख भोट हालिएको जनायो
- इज़रायल र हमासले गाजा युद्धविराम सम्झौतामा ढिलाई का लागि एक-आपसलाई ठहरायो दोषी

**पीएम-स्वामित्व संपत्ति कार्ड**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोली अन्ठाउन्न लाख **स्वामित्व सम्पत्ति कार्ड** वितरिण गर्नुहुनेछ। यस अवसरमा दसबटा राज्य, छत्तीसगढ़, गुजरात, हिमाचल प्रदेश, मध्य प्रदेश, महाराष्ट्र, मिजोरम, ओडिशा, पंजाब, राजस्थान, उत्तर प्रदेश, जम्मू-कश्मीर र लद्दाखको लगभग पचास हज़ार गाउँमा भीडियो कन्फ्रेन्सका माध्यमद्वारा **स्वामित्व सम्पत्ति कार्ड** वितरण गरिनेछ।

कार्यक्रममा **स्वामित्व योजना** अन्तर्गत दुई करोड़ भन्दा अधिक सम्पत्ति कार्ड तयार गर्नु र एकै दिनमा अन्ठाउन्न लाख भन्दा अधिक कार्ड वितरण गर्नु ठूलो उपलब्धि हुनेछ। प्रधानमन्त्रीले राष्ट्रीय पंचायती राज दिवसमा चौबीस अप्रेल, दुई हजार बिसमा यो स्वामित्व योजनाको शुभारम्भ गर्नुभएको थियो ।

**30-संशो. प्रधानमन्त्री वीर बाल दिवस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, भारतको लोकतन्त्रको व्यापकता गुरूको शिक्षा, साहिबजादाको बलिदान र देशको एकताको मूल मन्त्रमा आधारित छ । आज नयाँ दिल्लीमा भारत मण्डपममा वीर बाल दिवस समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, गुरूको परम्पराले हामी सबैलाई समान आदरले हेर्ने शिक्षा दिएको छ र देशको संविधानले पनि यही विचारका लागि प्रेरित गर्दछ । श्री मोदीले भन्नुभयो, वीर साहिबजादाको जीवनले हामीलाई देशको अखण्डता र विचारधाराका साथ कुनै समझौता गर्न सकिदैन भनेर सिखाउँछ । उहाँले भन्नुभयो, संविधानले मानिसलाई देशको सम्प्रभुता र एकतालाई सबैभन्दा माथि राख्ने सिद्धान्तको सीख दिन्छ । प्रधानमन्त्रीले भन्नुभयो ,**साहिब जादा जोरावर सिंह र साहिब जादा**

**फतेह सिंह** सानै थिए तर साहस भने आकाश भन्दा पनि उच्च थियो । उहाँले भन्नुभयो, आज वीर बाल दिवसले हामीलाई कुनै पनि परिस्थिति जतिनै कठिन भएपनि देश र देशको हित भन्दा ठूलो हुन सक्दैन भनेर सिखाउँछ । श्री मोदीले भन्नुभयो इतिहासमा र वर्तमानमा पनि युवा ऊर्जाले भारतको प्रगतिमा ठूलो भूमिका निभाएको छ ।

29 नया राष्ट्रपित-बाल पुरस्कार

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज **वीर बाल दिवसको अवसरमा** नयाँ दिल्लीमा असाधारण उपलब्धीका लागि सत्र जना नानीहरूलाई **प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कारले** सम्मानित गर्नुभयो । यी नानीहरूलाई कला-संस्कृति, बहादुरी, नवाचार, विज्ञान र प्रौद्योगिकी, सामाजिक सेवा, खेल र पर्यावरण क्षेत्रमा विशिष्ठ उपलब्धीका लागि सम्मानित गरियो । राष्ट्रपति श्रीमती मुर्मुले **साहिबजादाको** बहादुरी र बलिदानलाई नमन गर्दै भन्नुभयो ,यो दिन श्री गुरु गोविन्द सिंहका पुत्रहरूको बलिदान र साहसको सम्मान गर्ने दिन हो। राष्ट्रपतिले पुरस्कार प्राप्त गर्ने नानीहरूलाई बधाई दिँदै उनीहरूको उपलब्धीले देशका सबै नागरिकलाई प्रेरित गर्ने बताउनुभयो ।

**समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।**

26 उपराष्ट्रपति-नायर

उपराष्ट्रपति श्री जगदीप धनखड़ले पद्म भूषणले सम्मानित र प्रसिद्ध मलयालम लेखक श्री एम.टी. वासुदेवन नायरको निधनमा दुःख प्रकट गर्नुभयो । सोशल मीडिया पोस्टमा उपराष्ट्रपतिले भन्नुभएको छ, स्वर्गीय नायरको रचनाहरूले ग्रामीण भारतको जीवन्त चित्रण गरेको छ, जसले भारतको साहित्यिक र सिनेमाई विरासत समृद्ध भयो । उहाँले भन्नुभयो, हाम्रो सांस्कृतिक परिदृश्यमा श्री नायरको योगदान पीढ़ि सम्म याद रहेनेछ।

39 निर्वाचन आयोग-रिपोर्ट

निर्वाचन आयोगले आज बताएको छ, दुई हजार चौबीस लोकसभा चुनावमा चौसट्ठी करोड़ चौसट्ठी लाख भोट हालिएको छ । जसमा महिला मतदाताहरूको संख्या पैँसट्ठी दशमलव सात आठ प्रतिशत छ , जो पुरुषको मुकाबलामा अधिक हो । यो आंकडा आयोग द्वारा जारी बयालीस तथ्याङ्कीय प्रतिवेदनमा जारी गरियो । रिपोर्ट अनुसार यस बर्ष पंजीकृत तेस्रो लिंगी मतदाताहरूमा तेइस दशमलव पाँच प्रतिशतको वृद्धि भएको छ । आयोगले भनेको छ, यो रिपोटले चुनाव प्रणालीमा मानिसको विश्वासलाई दर्शाउँदछ र यसले उनीहरूलाई लाभ हुनेछ।

21 पंजाब-जल आपूर्ति में सफलता

पंजाबका जल आपूर्ति र स्वच्छता मन्त्री श्री **हरदीप सिंह मुण्डियानले** भन्नुभएको छ, पंजाब

देशको पाँचौ यस्तो राज्य बनेको छ, जसले गाउँ घरमा शत-प्रतिशत पाइपद्वारा जलापूर्तिको सुविधा उपलब्ध गराएको छ । केन्द्र सरकारको योजना 'हर घर जल' अन्तर्गत यो उपलब्धि हासेल गरिएको हो । उहाँले भन्नुभएको छ, राज्यको एक हज़ार सात सय छ गाउँमा पानीको कमी हटाउनका लागि दुई हज़ार एक सय चौहत्तर करोड़ रुपियाँको लागतले पन्द्रह प्रमुख नहर जल परियोजना चली रहेको छ । यो परियोजनाले लगभग पचीस लाख आबादी र चार लाख परिवारलाई शुद्ध पेयजल मिल्नेछ ।

## सचिव -नियुक्ति

उन्नाइस सय बयानब्बै ब्याचका बिहार केडरका भारतीय प्रशासनिक सेवा अधिकारी **श्री अरुनिश चावलालाई** वित्त मन्त्रालयमा राजस्व सचिवका पदमा नियुक्त गरिएको छ। श्री चावला वर्तमानमा रसायन र उर्वरक मन्त्रालयमा सचिव Pharmaceuticals का पदमा कार्यरत हुनुहुन्छ। भारतीय विशिष्ट पहचान प्राधिकरणका मुख्य कार्यकारी अधिकारी **श्री अमित अग्रवाललाई** नयाँ Pharmaceuticals सचिवका पदमा नियुक्त गरिएको छ। मणिपुरका मुख्य सचिव **श्री विनित जोशी** उच्च शिक्षा सचिवका पदमा नियुक्त हुनुभएको छ भने , सूचना र प्रसारण मंत्रालयका विशेष सचिव **श्री नीरजा शेखर** राष्ट्रीय उत्पादकता परिषदको महानिदेशक हुनुहुनेछ। वस्त्र मंत्रालयमा सचिव **सुश्री रचना शाहलाई** कार्मिक र प्रशिक्षण विभागको सचिवका पदमा नियुक्ती गरिएको छ । राष्ट्रीय अल्पसंख्यक आयोगको सचिव **सुश्री नीलम शम्मी राव, भने** वस्त्र मंत्रालयको नयाँ सचिव हुनुहुनेछ। श्री **संजय सेठीलाई** राष्ट्रीय अल्पसंख्यक आयोगको सचिवका पदमा नियुक्त गरिएको छ।

## गाजा युद्धविराम

इज़रायल र हमासले गाजा युद्धविराम सम्झौतामा ढिलाई का लागि एक-आपसलाई दोषी ठहराएको छ । एउटा प्रेस बयानमा हमासले इजरायलमा गाजादेखी वापसी, युद्धविराम, कैदी र विस्थापित संग जोड़ीएको मुद्दामा नयाँ शर्त पेश गर्ने आरोप लगायो। जवाबमा, इजरायली प्रधानमन्त्री **श्री बेन्जामिन नेतन्याहू-को** कार्यालयले एउटा बयान जारी गरेर हमासको आरोपको खण्डन गरेको छ । यसमा भनिएको छ, हमास पहिलादेखी बनेको सहमतिबाट पछाडी हट्दैछ र बातचीतमा बाधा गर्दैछ । सात अक्टूबर,दुई हजार तेइसमा हमासले इजरायलको दक्षिणी इलाकामा हमला गरेको थियो । यसमा लगभग बाह्र सय मानिस मारिए र लगभग दुई सय पचास जनालाई बन्धक बनाइएको थियो । यसका विरूद्छ जवाबी कार्रवाई गर्नका लागि इजरायले गाजा पट्टीमा रहेको हमासको निशानामा ठूलो मात्रामा आक्रमण गरिरहेको छ ।

मुख्य समचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले अन्ठाउन्न लाख **स्वामित्व सम्पत्ति कार्ड** वितरिण गर्नुहुने

- भारतको लोकतन्त्रको व्यापकता गुरूको शिक्षा, साहिबजादाको बलिदान र देशको एकताको मूल मन्त्रमा आधारित
- राष्ट्रपतिले सत्र जना नानीहरूलई **प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कारले गर्नुभयो** सम्मानित
- निर्वाचन आयोगले, दुई हजार चौबीस लोकसभा चुनावमा चौसट्ठी करोड़ चौसट्ठी लाख भोट हालिएको जनायो , अनि
- इज़रायल र हमासले गाजा युद्धविराम सम्झौतामा ढिलाई का लागि एक-आपसलाई ठहरायो दोषी